राक्सिराङको कृषि हाटबजारमा गिठ्ठाको स्वाद । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, ● अंक-३२ ● २०७९ फागुन ०८ गते सोमबार, ● 20 Feb. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## पालुङ क्याम्पसको परिषद भेला

विकास संवाददाता
थाहानगर

पालुङ बहुमुखी क्याम्पसको २० औं वार्षिकोत्सव तथा परिषद भेला सम्पन्न भएको छ । क्याम्पस अध्यक्ष विष्णु बहादुर विष्ट आदर्शको अध्यक्षता तथा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा पालुङ जेसिजको सभा हलमा परिषद भेला भएको हो । परिषद भेला उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी मन्त्री मोक्तानले थाहानगरको शैक्षिक विकासको धरोहरको रूपमा रहेको पालुङ बहुमुखी क्याम्पसको महत्वोपुर्ण भुमिका रहने हुँदा क्याम्पसको विकासको लागि सक्दो सहयोग गरिरहने बताए ।

उनले शिक्षामा सहयोग जति गरेपनि अपुग हुने बताउदै सामुदायिक क्याम्पस टिकाउन समस्या रहेको तर समस्याको बाबजुद स्थानीयले क्याम्पस टिकाइरहेकोमा धन्यवाद व्यक्त गरिन् । मन्त्री मोक्तानले थाहानगरबाट मन्त्रालयमा नगरको शैक्षिक व्यवस्थापनको सुधारको लागि गएको निवेदन एउटा पनि नकाटिएको बताउदै पालुङ क्याम्पसको लागि यो बर्ष पनि सामाजिक विकास मन्त्रालयबाट २५ लाख रूपैयाँ सुरक्षित रहेको बताइन् । मन्त्री मोक्तानले क्याम्पस संचालनको निम्ति नयाँ ढंगले सोच्नुपर्ने बताउदै जटिलताको वाबजुद मेहनतको खाँचो रहेको औल्याउँदै क्याम्पसलाई प्रदेश सरकारबाट निरन्तर सहयोग भइरहने प्रतिबद्धता व्यक्त गरिन् ।

त्यसैगरी परिषद भेलालाई शुभकामना दिदै नारायणी यातायात व्यावसायी संघका महासचिव सरोज खनालले जीवन र जगतलाई बुझ्ने र समाजप्रतिको उत्तरदायित्व हुने शिक्षा नै आजको आवश्यकता भएको औल्याए । उनले आर्थिक अभावले पालुङ क्याम्पस बन्द हुन नदिने बताउँदै प्रविधीमैत्री शिक्षामा जोड दिन आग्रह गरे । शुभकामना मन्तव्य दिदै अर्का अतिथी जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीले २०४८ सालमा एकमत हुन नसक्दा नगरमा क्याम्पस खोल्न पाँच बर्ष ढिलो भएको स्मरण गरे । उनले नजिकको तिर्थ हेला भन्ने उदाहरण पालुङ क्याम्पसु भएको बताउदै क्याम्पसले गुणस्तरीय शिक्षा दिन्छ भन्ने सबै तिर सन्देश पुऱ्याउनू आजको आबश्यकता भएको औल्याए । नेकपा एमाले थाहानगरका अध्यक्ष अच्युत्तमप्रसाद ढकालले पालुङमा उच्च शिक्षाको सपना देख्दै क्याम्पस स्थापना गर्नुपर्छ भनेर दिलोज्यान लगाउने तत्कालीन दामन पालुङ आर्थिक विकास समितिका अध्यक्ष वाशुदेव बिष्टको सम्झाना गरे । ढकालले १५ लाखको बजेटमा समेत शिक्षालाई महत्व दिने यहि ठाउँ अहिले १ अर्बको बजेट हुँदा पनि शिक्षा क्षेत्र ओझेलमा परेको बताए । उनले भने–'यतिका वर्ष बजेट बाँड्यौं, शिक्षालाई कति छुट्टायौँ समिक्षा समिक्षा गरौं ।'

वार्षिकोत्सव समारोहमा क्याम्पस अध्यक्ष विष्णु बहादुर विष्ट आदर्शले आफ्नो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरे । क्याम्पस प्रमुख राजन मिश्रद्वारा क्याम्पसको वर्तमान अवस्था र भावी योजनाको प्रतिवेदन प्रस्तुत गरे । कार्यक्रममा क्याम्पसका लेखापाल मधुसूदन रायमाझीले आर्थिक प्रतिवेदन प्रस्तुत गरे। भेलालाई क्याम्पस संचालक समिती उपाध्यक्ष श्यामभक्त श्रेष्ठले स्वागत गरेका थिए भने प्राध्यापक कुमार नेगीले कार्यक्रम संचालन गरेका थिए । वार्षिकोत्सवको अवसरमा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपाली, थाहा ४ का वडा अध्यक्ष नारायण लामा, भुमी आयोग मकवानपुरका सदस्य तथा पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका उपाध्यक्ष अरूण रायमाझी, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमाले नगर अध्यक्ष अच्युत्तम प्रसाद ढकाल, माओवादी केन्द्र नगर अध्यक्ष बिनोद कुमार लामा, राप्रपा थाहानगर अध्यक्ष नवीन रायमाझी, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्री, थाहानगर शिक्षा समिती सदस्य सुरेन्द्रमान प्रधान, नारायणी यातायात व्यावसायी संघका महासचिव सरोज खनाल, फरक सोचका अध्यक्ष यादव रायमाझी, लालीगुरास महिला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रिता प्रधानलगायतका परिषद् सदस्यहरू क्याम्पस संचालक समितिका पदाधिकारीहरू, विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, प्राध्यापक, विद्यार्थीहरूको उपस्थिति रहेको थियो । वार्षिकोत्सवको अवसरमा पालुङ क्याम्पसका प्रथम ब्याचका विद्यार्थी नानुमैया प्रधानलाई विद्यावारिधी (पिएचडी) को तयारी गरिरहेको भन्दै सम्मान गरिएको थियो । सो अवसरमा विभिन्न संघसंस्थाले प्रदान गर्ने छात्रवृत्ति समेत प्रदान गरिएको थियो । विषयगत उत्कृष्ट प्राध्यापक गोपाल उप्रेतीलाई अंग्रेजी विषयको लागि र १३ वर्ष क्याम्पस प्रमुखको जिम्मेवारी लिइ क्याम्पसको प्रगतिको लागि खटिएकोमा पुर्व क्याम्पस प्रमुख रामहरी अधिकारीलाई सम्मानित गरिएको छ । उत्कृष्ट विद्यार्थीहरू रेजिना गोपाली र रोजिता बलामीलाई सम्मान गरिएको छ भने क्याम्पसको सुचना प्रवाहमा योगदान पुऱ्याएकोमा पत्रकार सम्पादक शम्भु अधिकारी र क्याम्पसको भौतिक निर्माण कार्यमा योगदान पुऱ्याए वापत श्रवण लामालाई सम्मान गरिएको छ ।

## अध्यक्षमा "आदर्श"

मकवानपुरको थाहानगरमा रहेको पालुङ बहुमुखी क्याम्पसको २० औं परिषद भेलाले क्याम्पसको अध्यक्षमा पुनः विष्णु बहादुर विष्ट 'आदर्श'लाई निर्विरोध निर्वाचित भएका छन् । ५ फागुनमा पालुङ जेसिज हलमा भएको भेलाले अध्यक्षमा थाहानगर प्रमुख समेत रहेका विष्ट निर्विरोध भएको निर्वाचन अधिकृत उमेश श्रेष्ठले जानकारी दिए ।

परिषद भेलाले ११ सदस्यीय क्याम्पस संचालक समिती निर्विरोध चयन गरेको छ । समितिको सदस्यहरूमा सहदेव ढकाल, सरोज कुमार खनाल, सगुन कुमार ढकाल, रिता प्रधान, जुजुभाइ प्रधान, केदार कार्की, सुरेन्द्रमान प्रधान, बिमल कुमार ढकाल, सुदर्शन कार्की र मनोज अधिकारी रहेका छन । निर्वाचित भएका पदाधिकारीहरूलाई निर्वाचन अधिकृत उमेश श्रेष्ठ र रमेशमान डंगोलले पद तथा गोपनियताको सपथ गराएका छन् ।



निर्वाचित संचालक समितिको पहिलो बैठक ९ फागुनमा बस्ने र बैठकले अन्य सदस्यहरू समेत मनोनित गर्ने नवनिर्वाचित अध्यक्ष विष्टले जानकारी दिए ।

## १८ फागुनबाट उपमेयरकप ब्याडमिन्टन

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको वार्षिक खेल क्यालेण्डर अनुसार सञ्चालन हुँदै आएको उपमेयर कप व्याडमिन्टन प्रतियोगिता १८ फागुनबाट हुने भएको छ । यो प्रतियोगिता चौथो संस्करण हो ।

यस वर्षको प्रतियोगितामा थाहामा सामाजिक क्षेत्रमा कार्य गर्दै आएको फर कसोच अभियानले आयोजन ागर्ने भएको छ । प्रतियोगिताका लागि पालिकाले



सहयोग गर्ने जनाएको छ । प्रतियोगिता थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पाडाँडामा रहेको व्याडमिन्टन हलमा हुने आयोजक फरकसोचले बताएको छ । प्रतियोगिमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र पाउने छन् ।

थाहा नगरस्तरीय यस प्रतियोगितामा सहभागिताका लागि फाल्गुण १६ गते समुह दर्ता गर्न आयोजक सूचना जारी गरेको छ ।

## *बज्रवाराहीको उन्मत्तेश्वर मन्दिरमा विशेष पुजा*

◆ विकास संवाददाता

*मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ को उन्मत्तेश्वर महादेव मन्दिर परिसरमा महाशिवरात्रीको अवसर पारेर ६४ शिवलिङ्गको प्राण प्रतिष्ठा ६ फागुनमा गरिएको छ । सो अवसरमा मन्दिर परिसरमा हवन, लघुरूद्री तथा विशेष पुजाको आयोजना गरिएको थियो ।*

*एक व्यक्ति एक शिव लिङ्ग स्थापना अभियानको क्रममा मनकारी दाताहरूबाट संकलित रकमबाट स्थापना गरिएको ८४ शिवलिङ्ग र मुर्तीहरूको प्राण प्रतिष्ठा गरिएको हो । उन्मत्तेश्वर मन्दिर निर्माण समितीद्वारा आयोजित कार्यक्रममा करिव २० जना पण्डित तथा पुरोहितद्वारा विधिवत मन्त्र पाठ गरी प्राण प्रतिष्ठा गरिएको हो ।*

*श्री स्वस्थानी व्रतकथा (स्कन्द पुराण) मा उल्लेख गरिए अनुसार चित्रकान्ति र शुवर्ण नदिको संगम स्थलमा अवस्थित यस महादेव मन्दिर माता सतिदेवीको दाहिने घुँडा पतन भएपछि उत्पन्न भएका हजारौँ शिलाहरूले तपस्या गरी महादेवबाट वरदान प्राप्त गरेपछि उत्पती भएको हो । एउटा सानो जलकुण्ड र शिलाको रूपमा रहेको मन्दिरलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि स्थानीयको सक्रिययतामा १० वर्षदेखि मन्दिर निर्माण समिती नै गठन गरेर मन्दिरको थुप्रै पुर्वाधारहरू निर्माण भैरहेको छ भने विभिन्न देवी देवताको मुर्तीहरू स्थापना गरिएको छ ।*

*कार्यक्रमको औपचारिक संचालन मन्दिर निर्माण समितीका सचिव कृष्ण प्रसाद लामिछानेले गर्दै मन्दिरको विकास र प्रवर्दन गर्नका लागी आफूहरूको योजना थुप्रै रहेको र हरेक वर्ष विविध पुजापाठ गर्ने र चाँडै सामुहिक व्रतबन्ध समेत गर्ने जानकारी दिए । समितिका अध्यक्ष गुणराज उपाध्याय अर्यालले मन्दिरका लागि सहयोग गर्ने तथा पुजामा उपस्थित सम्पूर्ण श्रद्धालू भक्तजन र दाताहरूलाई विशेष धन्यवाद व्यक्त गरे ।*



जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## इन्सेक वर्ष पुस्तक र अबको योजना

इतिहासको विभिन्न कालखण्डलाई हेर्ने हो भने नेपाली महिलाका योगदान निकै छन् । लोकतन्त्र स्थापनार्थ मुलुकमा भएका सबैजसो राजनीतिक आन्दोलनमा महिलाहरुले महत्वपूर्ण भूमिका खेलेको इतिहास साक्षी छ । तिनै आन्दोलनका बलमा निरंकुश शासन व्यवस्थाको ठाउँमा लोकतान्त्रिक शासनव्यवस्था स्थापना भएको पनि डेढ दशक हुँदैछ तर महिलाको जीवनमा लादिएका निरंकुशताहरु अझै हटेका छैनन् । दैनिकजसो सार्वजनिक हुने घटनाले महिलाको हिंसामुक्त बाँच्न पाउने हक समेत कुण्ठित बनेको देखिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नेपाल मानवअधिकार वर्ष पुस्तक २०२३ ले सन् २०२२ मा नेपालमा महिलाको मानवअधिकारको अवस्था कमजोर रहेको देखाएको छ । वर्ष पुस्तकमा समेटिएका देशभर कुल सात हजार तीन सय ७६ घटनामध्ये महिलामाथि हुने हिंसाका घटनामा सबैभन्दा बढी चार हजार दुई सय २८ जना पीडित देखिएको छ ।

हालै सार्वजनिक भएको उक्त पुस्तकमा महिलाविरुद्धको हिंसामा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा एक हजार छ सय २३ घटना भएको देखिएको छ । सुदूरपश्चिम प्रदेशमा नौ सय ५६, प्रदेश १ मा चार सय ५७, बागमती प्रदेशमा चार सय ३४, गण्डकी प्रदेशमा तीन सय ३७, कर्णाली प्रदेशमा दुई सय ११ र मधेश प्रदेशमा दुई सय १० वटा घटना भएको देखिएको छ । यो तथ्यांकले नेपाली समाजमा महिलाको मानवअधिकारको नाजुक अवस्था देखाउँछ । वर्ष पुस्तकमा दोस्रोमा बाल अधिकारविरुद्धका एक हजार चार सय ५३, कुटपिटका चार सय ४८, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकारसम्बन्धीका चार सय पाँच, हत्याका तीन सय ३२ र घाइतेका दुई सय ५६ घटना भएका छन् । त्यस्तै गिरफ्तारका ८१, कारागारका ५३, अपहरणका ३५, धम्कीका २७, अमानवीय व्यवहारका २५, जातीय विभेदका २२, यातनाका पाँच, हिरासतमा मृत्युका चार र बेपत्ताका दुई घटना अभिलेख छन् ।नेपाली समाजमा परम्परागतरुपमा नै महिला र पुरुषको सामाजिक भूमिका सीमाङ्कित हुँदै आएको छ । धर्म र परम्पराले महिलालाई सार्वजनिक जिम्मेवारीभन्दा पनि आन्तरिक व्यवस्थापनको जिम्मेवारी सुम्पदै आएकोले अधिकांश महिलाहरु घरभित्रको काममा सीमित रहेका छन् । उनीहरुले गर्ने कृषिकर्मलाई समेत घरायसी काम सरह लिने गरिन्छ ।

इन्सेककै वर्ष पुस्तक २०२३ ले घटनाको उजुरी र सम्बन्धित निकायले गर्नुपर्ने निष्पक्ष छानबिन समेत प्रभावित हुने गरेको औंल्याएको छ । समाजमा व्यवहार मा रहेको विभेदका कारण संविधान र कानुनले सुनिश्चित गरेका समानताको उद्देश्यविपरीत भूगोल, वर्ग वा जाति विशेष वा बञ्चितिमा परेका समुदायका लागि कानुनी प्रक्रिया वा फौजदारी अपराधविरुद्धको न्यायको अधिकार सुनिश्चित हुन सकेको छैन । नेपालको संविधानले महिलाको हिंसामुक्त जीवनको अधिकार सुरक्षित गरेको छ । तर सवैधानिक व्यवस्था मानव अधिकारमैत्री हुँदैमा नागरिकसम्म पुग्ने होइन । अहिले संविधानका व्यवस्थालाई कार्यान्वयनमा लैजान नेतृत्व गर्नुपर्ने निकायहरुको इमानदार प्रयत्न खट्किएको छ । सार्वजनिक भइरहेका आँकडाले महिलाको मानवअधिकार सधैं जोखिममा रहेको देखाउने गरेका छन् । यसतर्फ सम्बद्ध सबैको ध्यान जानु जरुरी छ । अन्यथा अवस्था भयावह हुने संकेत गर्न सकिन्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# वित्तीय संघीयता: समस्या र सुझाव

◆गम्भीरबहादुर हाडा

संसारका संघीय देशहरूमा तीन किसिमका सरकार हुन्छन् भने एकात्मक खालको राज्यमा केन्द्र र स्थानीय गरी दुई तहका सरकार मात्र हुन्छन् । स्थानीय सरकार पनि विभिन्न प्रकारका हुने गर्छन्, जस्तो– जिल्ला, महानगर, नगर र गाउँ । यी विभिन्न प्रकारका सरकारमध्ये माथिल्लो सरकारले तल्लो सरकारलाई कामको अधिकार दिँदा विभिन्न तरिकाले दिने गर्छ ।

पहिलो, केन्द्रले आफ्ना कार्यालयहरूमार्फत स्थानीय तहमा काम गर्ने, दोस्रो केन्द्रले मातहत कार्यालयहरूलाई अधिकार दिई त्यसैमार्फत काम गराउने र तेस्रो, केन्द्रले स्थानीय तहमा स्वायत्त सरकार गठन गराई त्यसलाई अधिकार प्रक्षेपण गर्ने । वित्तीय संघीयता यी तीन किसिमका सरकारमध्ये तेस्रो प्रकारको सरकारसँग सम्बन्धित रहेको हुन्छ । वित्तीय संघीयता भनेको कसले के गर्ने, कसले कर लगाउने, आम्दानी र खर्चबीचको असन्तुलन कसरी हटाउने, राजस्वलाई नियमित कसरी बनाउने र कस्तो संरचनाले यो काम गर्न सक्छ भन्ने सम्बन्धमा गरिएको सहमति हो । विकेन्द्रीकरणबिना यो सम्भव छैन । यो स्थानीय निकायलाई साधन र स्रोतको व्यवस्था गर्दै उनीहरूलाई आर्थिक हिसाबले सुदृढ बनाउने कामसँग सम्बन्धित छ । आत्मनिर्भरताबिनाको स्वायत्तताको कुनै अर्थ रहँदैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको घोषणा गर्दै संविधानसभाले नयाँ संविधान निर्माणको प्रयासको प्रारम्भ गरिसकेको थियो । राज्य संघीय प्रणालीयुक्त संरचनामा प्रवेश गरिसकेपछि यसको विद्यमान न्यायिक, प्रशासनिक, सुरक्षात्मक प्रणाली पनि परिवर्तन हुने नै भयो । संघहरूबीचको अन्तरसम्बन्ध, संघ र केन्द्र सरकारको अधिकार क्षेत्र आदिका आधारमा विद्यमान प्रशासनिक प्रणालीको पनि पुनर्संरचना गरिनु अपरिहार्य हुन्छ नै । सामान्य अर्थमा आर्थिक र वित्तीय विषयहरूलाई संविधान, कानुन र अभ्यासमा व्यवस्थित गर्ने कार्यलाई वित्तीय संघीयता भनिन्छ । वास्तवमा यसमा मौद्रिक नीति, कर, भन्सार र वाणिज्यसँग सम्बन्धित विषयहरू जोडिएका हुन्छन् । समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह र खर्च गर्ने/गराउने संयन्त्र नै वित्तीय संघीयता हो । विभिन्न तहको खर्च जिम्मेवारी, राजस्व व्यवस्था, राजस्व साझेदारी तथा ऋणको संयुक्त स्वरूपलाई संघीय वित्तीय व्यवस्था भनिन्छ । कानुनको शासनमा सबै काम कानुनबमोजिम हुनुपर्छ । तसर्थ राजस्व परिचालन, स्रोत बाँडफाँड र बजेट निर्माणजस्ता कार्यहरू कानुनबमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्छ ।

संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार वित्तीय संघीयता हो । वित्तीय संघीयता अर्थ–राजनीतिक विषय पनि हो । वित्त व्यवस्थापनका प्रमुख आयामहरू मौजुदा स्रोतको कुशलतम् विनियोजनको विषयमा तल्ला तहका सरकारहरूको संलग्नता र भूमिका बढी हुन्छ । वास्तवमा संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकताको पहिचान र पूर्तिको केन्द्रबिन्दुमा राख्न वित्तीय संघीयता कार्यान्वयनका यी आयामहरू प्रमुख आधारहरू हुन् ।

नेपालको संविधानबमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई दिएको छ । नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ । साथै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले वैदेशिक सहायता परिचालनका क्षेत्रहरू स्पष्ट तोकेको छ । संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण पक्षका रूपमा रहेको वित्तीय संघीयताको कानुनी आधारका रूपमा नेपालको संविधान र अन्य कानुनहरू कार्यान्वयनमा छन् भने केही द्विविधाहरूको निराकरणका लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन् । नेपालको संविधानको धारा ४ अनुसार नेपाल स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह हुने व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत यस ऐनले स्थानीय तहलाई घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर र अन्य जग्गामा भूमिकर लगाउने, भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने, पुँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने, बहाल बिटौरी कर लगाउने, पार्किङ शुल्क लगाउने, जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी वस्तुमा कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । समपूरक अनुदान कार्यविधि–२०७५, विशेष अनुदान कार्यविधि–२०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतको बाँडफाँडसम्बन्धी सिफारिसले पनि वित्तीय पक्षलाई प्रभाव पार्छ ।

वित्तीय संघीयता कार्यान्वयनमा तीनवटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरूको भूमिका रहेको छ । साथै, अन्तरसरकारी वित्त परिषद्ले पनि संघ, प्रदेश र स्थानीय तहमा देखिएका समस्याहरूको पहिचान र समाधान गर्ने कार्य गर्दै आएको छ ।

सबै तहको क्षेत्राधिकारभित्र परेका विषय तथा राष्ट्रको प्राथमिकताप्राप्त क्षेत्रमा समन्वयात्मक ढंगले क्रियाकलापहरू सञ्चालन गरी प्रभावकारी नतिजा हासिल गर्न ससर्त अनुदान प्रदान गरिन्छ । नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई निश्चित रकम नै तोके उपलब्ध गराइने अनुदान ससर्त अनुदान हो । साबिकमा नेपाल सरकारका निकायहरूले सम्पादन गर्दै आएका क्रियाकलापहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने भएमा सो क्रियाकलाप र बजेटसमेत हस्तान्तरण हुने व्यवस्था छ । यस्तो अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सर्त तोक्नेछ र त्यस्तो सर्तको पालना गर्नु सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुनेछ । ससर्त अनुदान प्रदेशले स्थानीय तहलाई समेत उपलब्ध गराउन सक्नेछ । यस्तो अनुदान देहायको कार्यका लागि उपलब्ध गराइने व्यवस्था छ ।

वर्तमान पन्ध्रौं योजना २०७६–२०८१ मा संघीय शासन प्रणालीअन्तर्गत समन्वय, सहयोग र सहकार्यमा आधारित समावेशी संघीय शासन प्रणाली अपनाउने सोच राखिएको छ भने संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा सबै नागरिकको समान पहुँच र अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । यसका साथसाथै लोकतन्त्रबाट प्राप्त हुने लाभको समानुपातिक, समावेशी र न्यायोचित वितरणको अवस्था सिर्जना गर्नु, सन्निकटताको सिद्धान्तअनुसार कार्यसम्पादन हुने अवस्था सिर्जना गर्नु तथा स्थानीय तहबाट राजनीतिक एवम् प्रशासनिक नेतृत्व विकास गर्ने उद्देश्य राखिएको पाइन्छ । नेपालको संविधान, २०७२ ले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको समेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुर्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्न र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ । यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ ।

स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक–सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक र चनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ । वित्तीय संघीयताका प्रमुख समस्या तथा चुनौतीहरूमा संविधानको अनुसूचीमा उल्लिखित कार्यहरू सम्पादनका लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानुन निर्माणमा केही ढिलाइले द्विविधा र असहजता ल्याएको छ । संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहका सरकारहरू गठन भइसकेका छन् । हालसम्म पनि प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरू यथोचित रूपमा सम्पन्न हुन सकेका छैनन् ।

स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारहरूको जनभावनाविपरित कर लगाउने, फिर्ता लिनेजस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्ततः संघीयताको मर्म र भावनाअनुसारको डेलिभरी नहुने चुनौती छ । संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुनबमोजिम विनियोजन र

*बाँकी पृष्ठ ३ मा*

# बच्चालाई निर्धक्क रून दिनुपर्छ !

बच्चा रूनासाथ हामी फकाउन हतारिन्छौं । बोकेर डुलाउने हो कि, मोबाइल खेलाउन दिने हो, उसलाई शान्त बनाउन जे पनि गरिदिन्छौं । किनभने बच्चा रोएको हामीलाई निको लाग्दैन ।

जब बच्चा रून्छ, उसप्रति हाम्रो सहानुभूति पोखिन्छ । हामीलाई झर्को लाग्छ । हामीलाई अशान्ति भएझैं लाग्छ । अनि त जसरी हुन्छ, उनीहरूलाई फकाइफुल्याइ गर्नतर्फ लाग्छौं । तर बालबच्चाप्रति अभिभावकले दिने यस्तो सहानुभूति 'ठीक नहुने' मनोविद्हरू सुझाउँछन् । मनोविद् सन्देश ढकाल भन्छन्, 'बच्चा रूनासाथ फकाउन थालियो भने त्यसले उनीहरूमा खराब प्रवृत्तिको विकास गर्छ ।'

## बच्चा किन रून्छन् ?

एउटा तथ्यांकअनुसार शिशु तथा बालबच्चा दिनमा एकाध घण्टा रोएकै हुन्छन् । जतिबेला उनीहरू बोलेर सबै कुरा व्यक्त वा विरोध गर्न सक्दैनन्, त्यसबेला उनीहरूले रूने गर्छन् । रूनुमा पनि अनेक कारण हुन्छ ।

१. कुनै साह्रो-गाह्रो वा बिरामी भएर
२. बसाइ, सुताइ असजिलो भएर
३. भोक वा निद्रा लागेर
४. कुनै कुरामा विरोध जनाउन वा घुर्की लगाउन
५. आमाबुवाको ध्यान आफूतिर तान्न
६. आफ्नो माग पूरा गर्न

उल्लेखित शीर्ष तीन कारणले बालबच्चा रोएको छ भने बुवाआमाले ख्याल गर्नुपर्ने हुन्छ । बच्चालाई दुःख बिमार भएको, असजिलो भएको, भोक-निद्रा लागेको स्थितिमा आमाबुवाले त्यसको समाधान खोज्नुपर्छ । तर राम्ररी बोल्न नसक्ने शिशुहरूले मात्र यसरी आफ्नो समस्या रोएर व्यक्त गर्छन् ।

त्यसबाहेक पनि बालबच्चाहरू अनेक कारणले रूने गर्छन्, कहिले मोबाइल खेल्न नपाएर त कहिले चीजबल खान नपाएर । बालबच्चा रूनु एक सामान्य र स्वभाविक प्रक्रिया हो । तर जब बच्चा अनावश्यक कुराले रोएका छन् र उनीहरूलाई हामी फकाइफुल्याइ गर्न थाल्छौं भने त्यो गलत हुने मनोविद् ढकाल बताउँछन् ।

## रून दिनुहोस्

मनोचिकित्सक बासु कार्कीका अनुसार रूनु बच्चाहरूको अभिव्यक्तिको भाषा मात्र नभई थेरापी पनि हो । जब बच्चा रून्छन् उनीहरूलाई त्यसले भावनात्मक र शारीरिक रूपमै फाइदा गर्छ । रूँदा एक किसिमले मान्छेको मनोविकार पखालिन्छ । निस्फिक्री रोएपछि मान्छेको मन चंगा हुन्छ ।

बच्चाहरू कुनै कुरा मागेर वा घुर्की लगाएर रूने गर्छन् वा उनीहरूले आफ्नो इच्छापूर्तिका लागि बुवाआमालाई दबाब दिन पनि रूने गर्छन् । यस्तो स्थितिमा उनीहरूलाई रून छाडियो भने आफूले निश्चित समय रोएर थाक्छन् । त्यसपछि आफैं फकिन्छन् । यसले उनीहरूलाई मूलतः दुई कुरामा प्रत्यक्ष फाइदा हुने मनोचिकित्सक बताउँछन् ।

एक, घुर्की लगाएर हरेक कुरा प्राप्त हुँदैन भन्ने मनोविज्ञान विकास हुन्छ । दुई, आफूले आफैंलाई सम्झाउने वा आश्वस्त तुल्याउने बानीको विकास हुन्छ । मनोचिकित्सक कार्की भन्छन्, 'जब रोएर आफैं फकिन्छन्, तब उनीहरू भावनात्मक रूपमा बलियो पनि हुन थाल्छन् । सानोतिनो कुरामा चित्त दुखाउने, रूने, दुःखी हुने बानी हट्दै जान्छ ।' त्यसैगरी रूँदा मांसपेशीको व्यायाम हुने उनी बताउँछन् ।

खासगरी अनावश्यक कुरामा बालबच्चा रोएका छन् भने उनीहरूलाई रून नै छाडिदिनुपर्ने मनोचिकित्सक कार्कीको सुझाव छ ।

## तर ख्याल गर्नुपर्ने कुरा

त्यसो त मनमा गुम्सिएको कुरालाई प्रकट गर्ने सही मेलो नहुँदा पनि बच्चाहरू रूने गर्छन् । जस्तो उनीहरूले विद्यालयमा



सास्ती भोगिरहेका हुन सक्छन्, साथीभाइले दुःख दिइरहेको हुन सक्छ, परिवारमा कुनै समस्या भएको हुन सक्छ । यस्ता विविध कारण हुन सक्छ, जहाँ उनीहरूले खुलेर आफ्नो कुरा भन्न सक्दैनन् वा जान्दैनन् ।

यस्तो स्थितिमा बालबच्चाले आफ्नो कुरा रोएर प्रकट गर्छन् । 'कुनै माग नराखी वा घुर्की नलगाई पनि रोइरहेको छ भने त्यसको कारण खोज्नैपर्छ,' मनोचिकित्सक कार्की भन्छन्, 'त्यसबेला उनीहरूलाई अभिभावकको साथ र सहयोगको खाँचो हुन्छ । जब अभिभावकले बेवास्ता गरिदिन्छन् उनीहरू भावनात्मक रूपले थप कमजोर र असुरक्षित महसुस गर्न थाल्छन् ।'

यावत् स्थितिमा बच्चा रोएको छ भने उनीहरूको समस्या पहिचान गर्ने, माया र स्पर्श जरूरी हुन्छ ।

## जब बच्चा घुर्की लगाउन वा विरोध जनाउन रूने गर्छन्

बच्चालाई जे चाहिएको छ, त्यसमा अभिभावकले चासो राख्नुपर्छ । तर बच्चाहरूले जे चाहेको छ, त्यो पूरा गरिदिनु जरूरी छैन । किनभने बच्चालाई थाहा हुँदैन कि आफ्नो पारिवारिक स्थिति के छ, आफूले मागेको कुरा उचित छ वा छैन, आफूले खोजेको कुरा पाइन्छ वा पाइँदैन ?

जबकि बच्चाहरू मनमा जे आउँछ, त्यही कुरा चाहेर वा मागेर पनि रून सक्छन् । नुहाउन नमानेर, विद्यालय जान नमानेर, सागसब्जी खान नमानेर पनि बच्चा रून्छन् । यसैगरी बालबच्चाले खानेकुरा, खेलौना मागेर रूने गर्छन् । यसरी कुनै कुरा मागेर वा घुर्की लगाएर रोएको छ भने उनीहरूलाई फकाउन नहुने मनोचिकित्सकको भनाइ छ ।

'जतिबेला बच्चा रून्छन् उनीहरूलाई फकाउन थालियो भने त्यसले उनीहरूमा गलत मनोविज्ञान विकास हुन्छ,' मनोचिकित्सक कार्की भन्छन्, 'जसले गर्दा पछि उनीहरू जिद्दी, कुरा नबुझ्ने, अटेरी हुन पुग्छन् ।'

## रूँदा फाइदा पनि

बालबच्चा रूँदा उनीहरूलाई केही कुरामा लाभ पुग्ने देखिन्छ । एक त उनीहरू भावनात्मक रूपमा बलियो र समझदार हुँदै जान्छन् भने यसले उनीहरूको श्वासप्रश्वास प्रक्रियामा पनि सहयोग गर्ने बताइन्छ ।

## रूवाइले मन सफा गर्छ

मनमा अनेक कुरा गुम्सिएको हुन्छ । कुण्ठा, दुःख, गुनासो रहेको हुन्छ । जब बालबच्चा निर्धक्क रून्छन्, उनीहरूको मनोविकार पनि पखालिन्छ । रूनु भनेको तनाव, गुनासोलाई हटाउनु पनि हो ।

## श्वासप्रश्वासमा सहयोग

गर्भबाट जन्मनासाथ बच्चा रून्छन् । यदि रोएन भने चिकित्सकले रूवाउनुपर्ने हुन्छ । गर्भमा छँदा बच्चाले आफ्नो नाभीबाट अक्सिजन लिइरहेका हुन्छन् । तर जन्मिएपछि फरक हुने भएकाले उनीहरू रून जरूरी हुन्छ । यसरी रूँदा वाहिरी वातावरणसँग उनीहरूले आफ्नो श्वासप्रश्वासलाई अनुकूल बनाउँछन् । यसले बच्चाको फोक्सो, नाक, मुखमा रहेको कुनैपनि अतिरिक्त तरल पदार्थ हटाउन पनि सहयोग गर्छ ।

## बच्चालाई सुत्न सहज

रूँदा एक हिसाबले बच्चाको शारीरिक व्यायाम पनि हुन्छ । धेरै समयसम्म रोएको बच्चा राम्ररी वा गहिरो निद्रा लिन सक्छन् । एक अध्ययनअनुसार सुत्नुअघि बेस्सरी रोएको बच्चा राति राम्ररी निदाउँछन् ।

## आराम मिल्छ

रोएपछि मन हल्का हुन्छ । एक अध्ययनअनुसार आँसुले प्यारासिम्प्याथेटिक स्नायु प्रणाली सक्रिय हुन्छ, जसले शरीरलाई आराम दिलाउँछ ।

## दुखाइ कम हुन्छ

लामो समयसम्म रूँदा शरीरमा अक्सिटोसिन र एन्डोर्फिन हर्मोन स्राव हुन्छ । यसले शारीरिक र भावनात्मक पीडा दुवैलाई कम गर्न मद्दत गर्न सक्छ ।

## मुड सुधार्छ

रूँदा छिटोछिटो श्वास लिइन्छ । चिसो हावामा श्वासले मस्तिष्कको तापक्रमलाई नियन्त्रण गर्न मद्दत गर्दछ, जसले मुड सुधार्दै लैजान्छ ।









## वित्तीय संघीयताः .... .

खर्च हुन सकेको छैन । अन्तरप्रदेश र अन्तरस्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन ।वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन ।

तीन तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू एक-अर्कासँग नदोहोरिने र परिपूरक हुने गरी सञ्चालन गर्नुपर्छ । अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् र प्रदेश समन्वय परिषद्को भूमिका बढाउँदै अन्तरसरकारी समन्वय र नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ । प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गर्नुपर्छ । प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण कार्यसम्पादन र उपयोगको प्रभावकारिताका आधारमा हुने व्यवस्था मिलाउनुपर्छ । वित्त व्यवस्थापनमा संलग्न निकाय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीय तहहरूको संस्थागत क्षमता विकास गर्नुपर्छ ।

*(लेखक भक्तपुर बहुमुखी क्याम्पसका अर्थशास्त्रका सह-प्राध्यापक हुन् ।)*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०६१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मकवानपुरका १ हजार ७ सय स्थानीय तहका उम्मेदवारको जरिवाना मिनाहा

◆ विकास संवाददाता

निर्वाचन खर्च विवरण नबुझाएपछि जरिवानामा परेका मकवानपुरका जनप्रतिनिधिसहित एक हजार सात सय १० जना उम्मेदवारको जरिवाना मिनाहा भएको छ । ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा उम्मेदवार भएकाहरूले कानुनले तोकेको ३० दिनभित्र निर्वाचन खर्च नबुझाएपछि निर्वाचन आयोगले जरिवाना तोकेको थियो । मन्त्रिपरिषद् बैठककोसिफारिसमा राष्ट्रपति विधादेवी भण्डारीले ६ फागुनमा संविधानको धारा, २७६ बमोजिम माफी मिनाहाको निर्णय गरेकी छन् । मन्त्रिपरिषद्को ४ फागुनमा बसेको बैठकले खर्च विवरण नबुझाउने उम्मेदबारहरूलाई निर्वाचन आयोगले तोकेको जरिबाना मिनाहा गर्न सिफारिस गर्ने निर्णय गरेको थियो । ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएर खर्च विवरण नबुझाउने एक लाख २३ हजार छसय ५० जनालाई २४ अर्ब ६३ करोड ८८ लाख रूपैयाँ जरिबाना गर्ने निर्णय निर्वाचन आयोगले गरेको थियो ।

जसमध्ये मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिकासहित ८ वटै गाउँपालिकामा निर्वाचनमा विजयी भएका चार सय ९ जना जनप्रतिनिधि र एक हजार तीन सय एक जना उम्मेद्वार पनि जरिवाना तिर्नुपर्नेको सूचिमा थिए । मकवानपुरका ७७ दशमलव १७ प्रतिशत जनप्रतिनिधि जरिवानामा परेका थिए । जसमध्ये पालिका प्रमुख दुई, उपप्रमुख दुई, वडाध्यक्ष ६३ र बाँकी वडासदस्य तीनसय ४२ जना थिए । इन्द्रसरोवर गाउँपालिकाका जनप्रतिनिधिसहित सबै उम्मेदवारी दिएका ८९ जना नै जरिवानामा परेका थिए ।

हेटौंडा उपमहानगरमा सबैभन्दा धेरै उम्मेदवारलाई जरिवाना तोकिएको थियो । हेटौंडामा दुई सय ८५ उम्मेदवार मध्ये पराजित दुईसय ४२ रहेका थिए भने निर्वाचित ९ वडाध्यक्षसहित ४३ जना जनप्रतिनिधि रहेका थिए । थाहा नगरपालिकामा उम्मेदवारी दिएका दुई सय ४० मध्ये ३६ जनाले मात्रै खर्च विवरण पेश गरेका थिए भने दुईसय चार जनाले बुझाएका थिएनन् । बकैया गाउँपालिकामा दुईसय २४ जना जरिवानामा परेका थिए । जसमध्ये ९ वडाध्यक्षसहित ५७ जना निर्वाचित उम्मेदवार रहेका थिए । कैलाश गाउँपालिकामा एकसय ७३ जनाले उम्मेदवारी दिएकोमा एकसय ६२ उम्मेदवार जरिवानामा परेका हुन् । जसमध्ये ८ जना वडाध्यक्षसहित ४७ जना जनप्रतिनिधि थिए ।

राक्सिराङ गाउँपालिकामा निर्वाचित ७ जना वडाध्यक्ष र ३५ वडासदस्यसहित एक सय ४४ उम्मेदवार जरिवानामा परेका थिए । मनहरी गाउँपालिकामा निर्वाचन उठेका दुईसय २१ मध्ये दुई सय १२ जना उम्मेदवार जरिवानामा परेका थिए । जसमध्ये निर्वाचित ५ वडाध्यक्ष र ३४ वडा सदस्यसहित ३९ जनप्रतिनिधि जरिवानाको सूचीमा थिए ।भीमफेदी गाउँपालिकामा गापा अध्यक्षसहित ६ जना वडाध्यक्ष र २८ वडा सदस्यसहित एकसय २० उम्मेदवार जरिवानामा परेका थिए । ९ वटा वडा रहेको बागमती गाउँपालिकामा उपाध्यक्षसहित ४ जना वडा अध्यक्ष, वडासदस्य ३६ सहित एकसय ५४ उम्मेदवार जरिवानामा परेका थिए । मकवानपुरगढी गाउँपालिकामा निर्वाचित ४ जना वडाध्यक्ष र २४ वडासदस्यसहित जरिवानामा परेका थिए ।

# मनहरीका ११ वटा विद्यालय सुधारका लागि ६० लाख




◆ विकास संवाददाता

मनहरी गाउँपालिकाका ११ वटा विद्यालय सुधारका लागि ६० लाख रूपियाँ पाउने भएका छन् । चालू आर्थिक बर्ष २०७९/८०को स्वीकृत कार्यक्रम अनुसार भौतिक सुधार, खानेपानी, विद्यालय घेराबार लगायतका शीर्षकहरूमा ११ वटा विद्यालयका लागि ६० लाख रूपियाँ वितरण गर्न लागिएको हो । गाउँ कार्यपालिकाको गत माघ २६ गते बसेको बैठकले ११ वटा विद्यालयको छनौट गरेको गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले बताए ।

उनका अनुसार खानेपानी, मनहरी गाउँपालिकाका ११ विद्यालयलाई ६० लाख भौतिक सुधार, बाल विकास केन्द्र मर्मत लगायत शीर्षकमा रकम प्राप्त गर्ने विद्यालयहरूमा युवा वर्ष गंगा आधारभूत विद्यालय मनहरी ९ ले ३ लाख, सगर माथा आधारभूत विद्यालय मनहरी ६ ले ५ लाख, सृजना प्रावि मनहरी ४ ले ८ लाख, भोजसिद्ध मावि मनहरी ५ ले ३ लाख, महेन्द्रज्योति मावि मनहरी ३ ले १३ लाख र प्रगति राष्ट्रिय प्राविमनहरी ६ ले ५ लाख प्राप्त गर्नेछन् ।

त्यसैगरी सहिद स्मृति बाल कल्याण प्रावि मनहरी ९ ले ५ लाख, सीता मावि मनहरी २ ले ६ लाख, जनज्योति आधारभूत विद्यालय मनहरी १ ले ४ लाख, राष्ट्रिय आधारभूत विद्यालय मनहरी ७ ले ६ लाख र महेन्द्रकिरण माध्यमिक विद्यालय मनहरी ८ ले २ लाख रूपियाँ प्राप्त गर्नेछन् ।

कार्यपालिका बैठकबाट ती विद्यालयहरूलाई बजेट बिनियोजन गरि एकामा प्रक्रिया पुऱ्याएर विद्यालयहरूमा कामको लगत इष्टमेट र कार्य सम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिने गरी सम्झौता हुने गाउँपालिकाले जनाएको छ ।

# राक्सिराङको कृषि हाटबजारमा गिठ्ठाको स्वाद

◆ विकास संवाददाता

देशभित्रका वनस्पति, जडीबुटी कति पौष्टिक छन् भन्नेतर्फ वास्ता नै नगरिएको अवस्थामा मकवानपुरका पाइने गिमा कार्बोहाइड्रेट र रेसादार पदार्थ पर्याप्त हुने कुरा बुझाउन हाट आयोजना गरिएको छ । यसको प्रयोगले कब्जियत र कोलेस्टेरोल कम हुन्छ । यसले भिटामिन ुबीु र फोलिक एसिड पनि प्रदान गर्छ । सन्तान विकलांग हुन नदिन गर्भवतीलाई पर्याप्त फोलिक एसिड आवश्यक पर्छ । यसका साथै गिमा म्याग्नेसियम, पोटासियम, लौहतत्व पनि रहेको हुन्छ ।

नेपालमा गिलाई हेपिएको छ । यसलाई खेती गरेर लोकप्रिय बनाउन सकियो भने यसले खाद्य सुरक्षामा महत्वपूर्ण स्थान खेल्न सक्छ । संसारका झण्डै ६ करोड मानिसले दैनिक भोजनका रूपमा प्रयोग गर्ने गिठ्ठा नेपालमा भने अपहेलित छ । पश्चिम अफ्रिकामा यसको अधिक प्रयोग हुन्छ । यसमा रहेको पोषणकै कारण जापान र ब्रिटेनमा पनि यो लोकप्रिय छ । 'चेपाङले गि ा केवल जंगलबाट टिपेर खाने चलन थियो । यसलाई खेती गरेर फलाएर लोकप्रिय बनाउन सकियो भने यसले खाद्यसुरक्षामा महत्वपूर्ण स्थान खेल्न सक्छ,' गिठ्ठा पाइने विकट राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल भन्छन्–गिठ्ठालाई विभिन्न खानेकुरासंग मिसाएर खाँदा स्वाद र पौष्टिकता पनि बढ्न जान्छ । व्यापारिक दृष्टिले उत्पादन गरेर पिठो, नुडल्स चिप आदि बनाएर आर्थिकरूपमा पनि उन्नति गर्न सकिन्छ । चेपाङमा गिठ्ठा, भ्याकुर आदि अपहेलित हुँदा भोकमरी हुन्छ । यस्तो उत्तम वनस्पतिलाई प्रयोग गर्न कृषि मन्त्रालयले वास्ता गरेको छैन ।



मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा पहिलो पटक थालिएको हाटबजारमा गिठ्ठाका परिकार प्रमुख आकर्षण बनेको छ । राक्सिराङ–५ स्थित चैनपुरमा गाउूपालिकाले निर्माण गरेका स्टलमा हाटबजार सुरू गरिएको हो । सोमबार वागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले हाटबजार उद्घाटन गरेका हुन् । कार्यक्रममा स्थानीय कलाकारद्वारा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

हरेक महिना १ र १५ गते कृषि हाटबजार सञ्चालन गर्ने योजनासाथ सुरू गरिएको पालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । हाटबजारमा स्थानीय चेपाङ तथा तामाङ समुदायका परम्परागत् खानेकुरा गिठ्ठाको चिप्स, उसिनेको गिठ्ठा, तरूल, रैथाने उत्पादन फापर, कोदो, ग हतलगायत चिउरीको महजस्ता स्थानीय उत्पादन बिक्रीका लागि राखिएका थिए । स्थानीय किसानले उत्पादन गरेका तरकारी सहित २० वटा भन्दा बढी स्टल र ाखिएका थिए । हाटबजार व्यवस्थापन समिति संयोजक सन्तोष थापाका अनुसार हरेक महिना १ र १५ गते चैनपुरमा हाटबजार सञ्चालन गरिनेछ ।

# १८ सय परिवारको नि:शुल्क स्वास्थ्य बीमा गरिन्दै

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका १८ सय ५ परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरेको छ । पालिकाले गरिवसँग विशेश्वर स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बिनियोजित र कमबाट तत्काल आर्थिक अवस्था कमजोर भएका १८ सय ५ परिवारलाई स्वास्थ्य बीमा गर्नेगरि निर्णय गरेको गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखोतीले जानकारी दिए ।

'चुनावका बेला हामीले शिक्षा र स्वास्थ्यका क्षेत्रमा काम गर्ने वाचा गरेका थियौं । सोहि प्रतिवद्धता अनुरूप स्वास्थ्य विमा मार्फत विपन्न परिवारलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउँने एउटा सानो प्रयास गरेका छौं । हामीले यहाँ गर्नुपर्ने धेरै छ, सबै कुरा विस्तारै गर्छौं' अध्यक्ष कालाखेतीले भने । चालू आर्थिक वर्षमा २ हजार घर परिवारलाई निःशुल्क स्वास्थ्य बीमा मार्फत स्वास्थ्य सेवाको पहुँचमा ल्याउँने लक्ष्य रहेपनि पहिलो चरणमा १८ सय ५ जनाको मात्रै बीमा गर्ने निर्णय गरको अध्यक्ष कालाखेतीले बताए ।

पालिकाले गरिवसँग विशेश्वर स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा विनियोजित रकमबाट प्रतिपरिवार ३ हजार ५ सयका दरले १८ सय ५ परिवारको जम्मा ६३ लाख १७ हजार ५ सय रूपैयाँ प्रिमियम तिर्ने भएको छ । अध्यक्ष कालाखेतीले विनियोजित बजेटबाट अझै १९५ परिवारको स्वास्थ्य बीमा गर्न बाँकी रहेको र छनौट प्रक्रिया सकिएपछि उनीहरूको पनि स्वास्थ्य बीमा गर्ने जानकारी दिए । पालिकाको निर्णय अनुसार वडा नं १ बाट १९९, २ बाट २३०, ३ बाट २०४, ४ बाट १२६, ५ बाट २०९, ६ बाट २२०, ७ बाट २१५, ८ बाट २०२ र ९ बाट २०० परिवार स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुने भएका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# त्रिभुवन राजपथलाई पर्यटन मार्ग घोषणा गरिने

◆ विकास संवाददाता



काठमाडौं-हेटौडा जोड्ने त्रिभुवन राजपथलाई प्रदेश सरकारले पर्यटन मार्ग घोषणा गर्ने भएको छ । त्यसका लागि सडकको मर्मत सुधार सरकारले गर्ने र होटल लगायत सुविधाको विकास र विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारले लिने भएको छ । समग्र पर्यटन पूर्वाधारको निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी बढाउने नीति समेत प्रदेश सरकारले लिने भएको छ ।

प्रमुख पर्यटकीय क्षेत्रमा स्तरीय होटलको विकास गर्न समेत निजी क्षेत्रलाई प्रोत्साहन गरिने भएको छ । प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय लोकमार्ग र प्रादेशिक तथा स्थानीय प्रमुख लोकमार्गलाई सम्भाव्यताका आधारमा पर्यटन कोरिडरका रूपमा विकास गर्ने समेत मस्यौदामा उल्लेख गरिएको छ ।

संघीय सरकारसँगको सहकार्यमा भारतका प्रमुख शहरमा हवाई र बस सेवा सञ्चालन गर्ने समेत नीतिमा उल्लेख गरिएको छ । काठमाडौं केन्द्रित पर्यटनलाई अन्य क्षेत्रमा विस्तार गर्न काठमाडौं आसपासमा पर्यटन गन्तव्यको विकास गरी सहज पहुँच मार्गको विकास गर्ने समेत नीतिमा उल्लेख छ ।

स्थानीय तहसँगको सहकार्यमा प्रदेशभरका पर्यटकीय गन्तव्यमा खानेपानी, शौचालय, सरसफाइ, ढल निकास, साइकल लेन, निःशुल्क इन्टरनेटसहितका सुविधा उपलब्ध गराउने समेत प्रदेश पर्यटन नीतिमा उल्लेख छ ।

# थाहानगरका ३ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले ३ सय परिवारको निःशुल्क स्वास्थ्य बीमा प्रक्रिया अघि बढाएको छ । थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अति गरिब तथा अति गरिव तथा विपन्न दीर्घरोगीहरूका लागि बीमा गर्ने प्रत्रक्रिया अघि बढायएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए ।

कार्यक्रम अनुसार वडा कार्यालयको सिफारिसका आधारमा प्रत्येक वडाबाट २५/२५ जनाका दरले स्वास्थ्य बीमा गर्ने बलामीले बताए । 'हामीले वडा कार्यालयहरूलाई स्वास्थ्य बीमाको लागि छनोट गरी पठाउन पत्राचार गरिसकेका छौं, यस वर्षको स्मा प्रक्रिया अघि बढेको छ'- स्वास्थ्य शाखा प्रमुख बलामीले भने ।

थाहा नगरपालिकाले ३ वर्षदेखि वार्षिक ३ सय परिवारका दरले निःशुल्क स्वास्थ्य बीमा गर्दै आएको नगर प्रमुख विष्णु बहादुर विष्टले जानकारी दिए ।

# प्याक्सनमा आवद्ध थाहानगरका शिक्षकहरूका लागि कार्यशाला गोष्ठी




◆ विकास संवाददाता

निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याक्सन) थाहानगर कमिटीले मावि शिक्षकहरूलाई एक दिवशीय कार्यशाला गोष्ठी गरेको छ । २ फागुनमा होटल गंगामा आयोजित कार्यशाला गोष्ठीमा मावि तहका अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयका शिक्षकहरू सहभागी थिए ।

गोष्ठीमा विद्यार्थीमा देखिएका समस्याहरू, पहिचान पछि समाधानका उपायहरू, प्रश्नपत्रमा सबैभन्दा समस्या रहने इकाईहरू, समाधानका उपायहरूमा समूहमा रहेर शिक्षकहरूले प्रस्तुतिकरण गरेका थिए । गोष्ठीमा सहभागी शिक्षकले गुणस्तरीय शिक्षाका लागि सबैभन्दा बढी भूमिका शिक्षकको हुने बताउदै कक्षा १० को परीक्षा नजिक आउदै गर्दा अझै सकेको मिहिनेत गन प्रतिवद्दता व्यक्त गरे ।

प्याक्सन थाहानगरका अध्यक्ष सुरेन्द्रमान प्रधानको सभाध्यक्षतामा भएको गोष्ठीमा प्रमुख अतिथि भरत गोपालीले नगरपालिकाले सबै विद्यालयलाई समान हैसियतमा व्यवहार गरेको बताउदै नगरको शैक्षिक विकासका निमित्त संस्थागत विद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको बताए । गोष्ठीको अवसरमा अध्यक्ष प्रधानले विद्यालय सञ्चालकलाई सहयोगी सहकर्मीको रूपमा हेरेर विद्यार्थीमा रहेको समस्याहरू पहिचान गरि अध्यापन गराउन आग्रह गरे ।

गोष्ठीमा प्याक्सन उपाध्यक्ष सजिनभक्त श्रेष्ठ, सचिव संगम कार्की, सदस्य मनोज रायमाझीलगायतले वर्तमान समयमा संस्थागत विद्यालयहरूको समस्या र समाधानका उपायहरू बारे बोलेका थिए ।

# थाहा नगरसहित तीन पालिकामा आँखा शिविर हुने

◆ विकास संवाददाता

मकवानपुरको तीन पालिकाको ६ स्थानमा निःशुल्क आँखा शिविर हुने भएको छ । तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङको आयोजानमा शिविर हुने भएको हो ।

सामुदायिक आँखा केन्द्र पालुङको आयोजनामा थाहा नगरपालिका, ईन्द्रसरोवर गाँउपालिका तथा कैलाश गाँउपालिकाका विभिन्न स्थानमा निःशुल्क आँखा जाँच तथा मोतियाबिन्दु छनौट शिविर हुने भएको छ । शिविर यहि फाल्गुण १२ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने छ । शिविरमा आँखा जाँच तथा मोतियाबिन्दु छनौट हुने नेत्र सहायक बिनी महर्जनले बताइन् ।

तीन पालिकाको ६ स्थानमा हुने शिविरमा निःशुल्क आँखा परीक्षण गराई लाभ लिन तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङकी नेत्र सहायक बिनी महर्जनले अनुरोध गरेकी छिन् शिविरमा आँखा परीक्षण गराउँदा मोतिया बिन्दु पहिचान भएका बिरामीहरूको फाल्गुण १८ र १९ गते तिलगंगा सामुदायिक आँखा केन्द्र पालुङमा मोतिया बिन्दुको निःशुल्क अप्रेशन गरिने महर्जनले बताइन् ।

# एमाले थाहानगरले मेयर विष्टलाई बुझायो ध्यानाकर्षण पत्र

◆ विकास संवाददाता

नेकपा एमाले थाहानगर कमिटिले नगरको चौतर्फी विकासे योजनाको कार्यान्वयनको लागि १८ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । एमाले थाहानगर मकवानपुरले नगर प्रमुख विष्णु वहादुर विष्टलाई ३ फागुनमा ध्यानाकषण पत्र बुझाएको हो ।

नेकपा एमाले थाहानगर अध्यक्ष अच्युतम प्रसाद ढकालको नेतृत्वमा आएको टोलीले विभिन्न विषयमा पार्टीको ध्यानाकर्षण गराएको हो । ध्यानाकर्षण पत्रमा भनिएको छ-'नेकपा एमालेले थाहानगर स्थापना कालदेखि नै थाहानगरको समृद्धिको बाटो तय गर्ने सम्बन्धमा महत्वपूर्ण भुमिका खेल्दै आइर हेकोले आम थाहा नगरबासीको विकासको परिकल्पनालाई साकार पार्न आफ्नो पार्टीले सो भुमिकामा कुनै कमी हुन नदिने र स्थानीय सरकारलाई पटक पटक सुझाव र ध्यानाकर्षण गर्दा पनि सुनुवाइ नभएको विगतको विसंगती नदोहोऱ्याउन ध्यानाकर्षण गरिएको छ ।'

एमाले थाहानगरले बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख विष्टले सबैसंग सहकार्य गरेर नै थाहानगरको विकासमा हातेमालो गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाए । उनले ध्यानाकर्षण पत्रमा भएको बुँदाहरूलाई कार्यान्वयन गरेर अगाडि बढ्ने प्रतिक्रिया दिए ।

# बकैयामा ५१ जनाको आँखा शल्यक्रिया

◆ विकास संवाददाता

बकैया जेसिसको आयोजनामा पूर्वि मकवानपुरको बकैया गाउँपालिका ४ गर गरे स्थित बकैया आधारभूत अस्पतालमा सम्पन्न तीन दिने निःशुल्क आँखा जाँच तथा मोतिविन्दुको शल्यक्रिया शिविरमा ५१ जनाको आँखाको शल्यक्रिया भएको छ ।

तीन दिनसम्म भएको शिविरमा ५ सय ५६ जनाले आँखा परिक्षण गराएका छन् । बकैया जेसिजले बकैया गाउँपालिको आर्थिक सहयोग, नेपाल आँखा अस्पताल त्रिपुरेश्वर, काठमाडौं र बकैया आधार भूत अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरेको हो ।

बकैया गाउँपालिकामा भएको शिविर बाट गाउँपालिका क्षेत्रको १२ वटै वडा तथा छिमेकी बागमती गाउँपालिकाका आँखामा समस्या भएकाहरूलाई समेत लाभ लिएको जेसिजका कोषाध्यक्ष विवेक बोलखेले बताए । जेसिसका कार्यकारी उपाध्यक्ष शुसिल घिमिरेको संयोजनमा भएको कार्यत्रलमको समापनमा बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, लगायतकाको आतिथ्यता थियो ।



# ८ लाख ३३ हजार १ सय ८९ पशुलाई पीपीआर विरुद्धको खोप

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको कृषि तथा पशुपंन्छी विकास मन्त्रालयले प्रदेश भित्रका ८ लाख ३३ हजार १ सय ८९ भेडाबाखालाई पीपीआर रोग विरूद्धको खोप लगाएको छ । पीपीआर रोगविरूद्धको सप्ताहव्यापी खोप अभियानअन्तर्गत शनिवार सम्म मन्त्रालयले प्रदेशका ४ हजार २६४ वटा भेडा र ८ लाख २८ हजार ९२५ वटा बाख्रालाई गरि जम्मा ८ लाख ३३ हजार १८९ वटा भेडाबाख्रालाई पीपीआर रोग विरूद्धको खोप लगाइएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सुचना अधिकारी अनुप अधिकारीले जानकारी दिए ।

फागुन १ गतेदेखि सुरू भएको सप्ताहव्यापी खोप अभियानअन्तर्गत प्रदेशका १३ वटा जिल्लाका किसानले पालेका भेडाबाख्रालाई पीपीआर रोगविरूद्ध खोप लगाइएको अधिकारीले जानकारी दिए । खोप कार्यक्रम ४ सय २५ जना भ्याक्सिनेटर र १ हजार २ सय ४४ खोप केन्द्रबाट सञ्चालन भएको उनले बताए । अभियान बाहेक अन्य समयमा समेत मन्त्रालयले भेडाबाख्रालाई उक्त खोप लगाउदै आएको छ ।

पीपीआर भेडाबाख्रामा विषाणुबाट लाग्ने संक्रामक रोग हो । यसलाई भेडाबाख्राको हैजा पनि भनिन्छ । नेपालमा पीपीआर रोगका कारण बर्सेनि भेडाबाख्रा मरेर कृषकहरूले ठूलो आर्थिक हानि बेहोर्नुपरेको छ ।

# हेटौंडा उपमहानगरले मनायो स्थापना दिवस, २३ जनालाई सम्मान

◆ विकास संवाददाता

हेटौंडा उपमहानगर पालिकाले आफ्नो स्थापना दिवस पारेर उपमहानगरलाई हालसम्मको अवस्थामा पुऱ्याउने पूर्वजनप्रतिनिधिदेखि हेटौंडाको विकासमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका २३ जनालाई सम्मानित गरेको छ । उपमहानगरको ५४ आँै स्थापना दिवसमा आयोजित कार्यक्रममा उपमहानगरका पहिलो प्रमुख हरिबहादुर महत, तत्कालीन हेटौंडा नगरपालिकाका २ पटकका नगर प्रमुख डोरमणि पौडेल र निरशंकर श्रेष्ठलाई सम्मान गरिएको हो । नगरपालिकाको स्थापनादेखि नगरको विकासलाई पुऱ्याउन भूमिका निर्वाह गरेको भन्दै सम्मान गरिएको उपमहानगरले जनाएको छ ।

हेटौंडा नगरपालिकाका संस्थापक नगर प्रमुख बासुदेव रिजाललाई मरणोपरान्त सम्मान प्रदान गरिएको छ । स्थापना दिवस पारेर उपमहानगरले नगरको विकासमा योगदान पुऱ्याएको मूल्यांकन गर्दै इतिहास खोजकर्ता हेटौंडा सन्देशका प्रकाशक केदारप्रसाद न्यौपाने, पत्रकारिता क्षेत्रतर्फ गोरखापत्र दैनिकका राममणि दाहाल, शिक्षातर्फ डेण्टिजंग शाह, वातावरणतर्फ श्यामप्रसादश्रेष्ठ, खेलकुदतर्फ फुटबलकी पेमा डोल्मा लामा, सामाजिक क्षेत्रतर्फ चन्द्रबहादुर घलान, हीरादेवी दाहाल, साहित्यतर्फ तुल्सी थापा, स्वास्थ्यतर्फ बेला तुलाधर वैद्य, धार्मिकतर्फ ईश्वरीप्रसाद न्यौपाने र शिक्षामा पहिलो महिला प्रधानाध्यापक बेली थापालाई सम्मान गरिएको हो । उपमहानगरले २०२६ सालमा तत्कालीन नगरपञ्चायतको पहिलो माइन्युटमा हस्ताक्षर गर्ने पुष्पहरि जोशी, गोपाल शर्मा, निरशंकर श्रेष्ठ, लक्ष्मी नेपालीलाई सम्मान गरेको छ भने तत्कालीन हेटौंडा क्षेत्र पञ्चायतका प्रधानपञ्च बुद्धिलाल राजथलालाई मरणोपरान्त सम्मान गरिएको थियो ।

तत्कालीन उपप्रधानपञ्च तिलकप्रसाद दुलाल, शम्भुप्रसाद भट्टराईलाई सम्मान गरिएको छ । उपमहानगरले भीमफेदीमा रहेको जिल्ला सदरमुकामलाई हेटौंडा ल्याउन महत्वपूर्ण भूमिका खेलेको भन्दै तत्कालीन मकवानपुर जिल्ला पञ्चायतकी पहिलो महिला सभापति ओमुटेम्पा लामालाई सम्मान गरिएको थियो । स्थापना दिवसमा बागमती प्रदेश प्रमुख यादबचन्द्र शर्मा, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले सम्मानपत्र हस्तान्तरण गरेका थिए ।

स्थापना दिवस पारेर हेटौंडा उपमहानगरमा कार्यरत् २५ वर्ष सेवाअवधि पूरा गरेका ३८ कर्मचारीलाई दीर्घसेवा पदक, नगद २५ हजार राशिसहित बारूणयन्त्र र नगर प्रहरीका ९ जनालाई कर्तव्यनिष्ठ र ९ जना उत्कृष्ट कर्मचारीलाई नगद ७५ हजार रूपियाँसहित सम्मान गरिएको थियो । स्थापना दिवस पारेर हेटौंडा नगर पञ्चायतका पहिलो नगर प्रमुख स्व. बासुदेव रिजालको संगमचौकमा रहेको अर्घकदको प्रतिमा उपमहानगरको प्रांगणमा स्थानान्तरण गरी अनावरण गरिएको छ ।

प्रतिमा प्रदेश प्रमुख शर्मा, पूर्वनगर प्रमुख पौडेल, महतसहित उपमहानगर प्रमुख र उपप्रमुखले अनावरण गरेका थिए । स्थापना दिवसमा नगर घण्टको स्थापना, हेटौंडा दर्पण स्मारिका विमोचन र डिजिटल सूचना पाटी राखिएको छ । व्यवस्थित शहरका रूपमा विकास प्रदेश प्रमुख शर्माले देशको मध्यविन्दुमा रहेको हेटौंडालाई व्यवस्थित शहरका रूपमा विकास गर्न सुझाव दिएका छन् ।

## थाहा नगरपालिकाको सार्वजनिक सूचना ।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## फागुपर्व सभ्य रूपमा मनाऔं !

- आपसी सहमतिमा उल्लासहपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानुनी र उच्छृङ्खल व्यवहार नगरौं ।

*चाडपर्वलाई मौलिक रुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका
स्वास्थ्य शाखा

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी